# रोङ गाउँपालिका

# रोङ राजपत्र

खण्ड : संख्याः प्रकाशित मितिः २०७७-०२-१०

## भाग-२

## सहकारी संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि निर्देशिका, २०७७

रोङ गाउँपालिका
२०७३

# सहकारी संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि निर्देशिका, २०७७

**प्रस्तावना :** सहकारी आन्दोलनको विकास एंव सहकारी व्यवसाय विस्तारका लागि नेपाल सरकारबाट प्रदान गरिने अनुदान सुविधालाई सरल, पारदर्शी र प्रभावकारी तुल्याउन बाञ्छनीय भएकाले, रोङ गाउँ कार्यपालिकाबाट पारित गरी यो निर्देशिका पारित गरिएको छ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम **"सहकारी संस्थलाई अनुदान प्रदान गर्ने कार्यविधि निर्देशिका, २०७७"** रहेको छ।

(२) यो कार्यविधि निर्देशिका तुरुन्त लागु हुनेछ।

**२. परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) **"सहकारी"** भन्नाले सहकारी ऐन, २०४८ तथा संशोधित ऐन, २०७४ र रोङ गाउँपालिकाको सहकारी ऐन, २०७४ बमोजिम दर्ता भएका सहकारी संस्था सम्झनु पर्दछ।

(ख) **"आयोजना"** भन्नाले दफा ३ को उपदफा (३) बमोजिम संस्थाले संचालन गर्न प्रस्ताव गरेको आयोजना सम्झनु पर्दछ।

(ग) **"उपकरण अनुदान"** भन्नाले रोङ गाउँपालिकाबाट निशुल्क अनुदानमा दिने कम्प्युटर, विभिन्न औजार, साना तथा घरेलु उद्योगका मेसिनरी साथै तालिम सम्झनु पर्छ र सो शब्दले सहकारी संघलाई समेत जनाउँदछ।

(घ) **"समन्वय समिति"** भन्नाले रोङ गाउँपालिकाको सहकारी ऐन, २०७४ को दफा १०२ मा व्यवस्था भएको अधिकार प्राप्त गाउँ सहकारी समन्वय समिति सम्झनु पर्दछ।

(ङ) **"सहकारी शाखा"** भन्नाले रोङ गाउँपालिकाको सहकारी क्षेत्र हेर्ने सहकारी शाखा सम्झनु पर्दछ।

(च) **"मन्त्रालय"** भन्नाले सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्झनु पर्दछ।

(छ) **"प्रदेश मन्त्रालय"** भन्नाले प्रदेश नं. १ भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय विराटनगर सम्झनु पर्दछ।

(ज) **"मापदण्ड"** भन्नाले रोङ गाउँपालिका सहकारी शाखा तथा गाउँ सहकारी समन्वय समितिबाट निर्मित हुने सुचक तथा मापदण्ड सम्झनु पर्दछ।

(झ) **"मुख्य कारोबार"** भन्नाले संस्थाले संचालन गरेका व्यावसायिक क्रियाकलापहरु मध्ये कुल वार्षिक कारोबारको पचास प्रतिशतभन्दा बढी हिस्सा भएको कारोबार सम्झनु पर्दछ।

(ञ) **“विनियम”** भन्नाले संस्थाको विनियम सम्झनु पर्दछ ।

(ट) “समिति” भन्नाले संस्थाको सञ्चालक समिति सम्झनु पर्दछ ।

(ठ) “साधारण सभा” भन्नाले संस्थाको साधारण सभा सम्झनु पर्दछ ।

(ड) “सिमान्तकृत समुदाय” भन्नाले दलित र पिछडिएका अल्पसंख्यक जनजाति समुदाय सम्झनु पर्दछ र सो शब्दले अपाङ्गता भएका व्यक्तिहरुलाई समेत जनाउँछ ।

## परिच्छेद - २

## अनुदान सम्बन्धी व्यवस्था

**३. अनुदान दिने सक्ने :** (१) संस्थाको आयोजना सञ्चालन गर्न रोङ गाउँपालिकाले देहाय बमोजिम अनुदान दिन सक्नेछ ।

(क) बीउपूँजी अनुदान

(ख) कार्यालय व्यवस्थापनका लागि आवश्यक उपकारण अनुदान

(२) उपदफा (१) बमोजिम प्रत्येक वर्ष प्रदान गरिने रकमको अधिकतम सीमा रोङ गाउँपालिकाको स्वीकृत बजेट तथा कार्यक्रममा व्यवस्था भएबमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम अनुदान दिँदा देहायका संस्थाको देहाय बमोजिमका आयोजनाका लागि दिन सकिनेछ :

(क) कृषक सहकारी संस्थाले दीर्घकालिन रुपमा भूमिको व्यवस्था गरी सदस्यलाई संलग्न गराई सञ्चालन गर्ने सहकारी खेतीका आयोजना,

(ख) कृषक सहकारी संस्थाले आफ्ना सदस्यहरुको उपज संकलन सञ्चय, प्रशोधन तथा बजारीकरण गर्ने सम्बन्धी आयोजना,

(ग) आम उपभोक्ताका सहकारी संस्थाले आफ्ना सदस्यहरुलाई अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरु बिक्री वितरण गर्ने आयोजना र

(ङ) विषयसँग सम्बन्धित सहकारी संस्थाले संगठित भई सामूहिक रुपमा संचालन गर्ने स्रोत केन्द्र, थोक बजार, स्वास्थ्य सेवा, घरेलु तथा साना उद्योग संचालनका लागि आवश्यक उपकरण, कृषि औजार लगायतका उपभोगका आयोजना ।

(च) सहकारी संस्थाहरुको कार्यालय व्यवस्थापनका लागि आवश्यक पर्ने उपकरण (कम्प्युटर, ल्याप टप, प्रिन्टर) फर्निचर लगायतका सामग्री वितरण गर्ने आयोजना ।

**४. बीउपुँजी अनुदान प्रदान गर्न सक्ने :** (१) रोङ गाउँपालिकाले संस्थालाई दफा ३ को उपदफा (३) को खण्ड (क) बमोजिमको आयोजना सञ्चालन गर्न बीउपुँजी अनुदान प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बीउपूँजी अनुदान उपलब्ध गराउँदा संस्थाको प्रत्यक्ष रोजगार पाउने सदस्य संख्याका आधारमा प्रति सदस्य बीस हजार रुपैयाँ वा कुल एक लाखमा जुन घटी हुन्छ सो रकमको माथिल्लो सीमा कायम गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा जनुसुकै कुरा लेखिएको भए तापनि महिला मात्र सम्मिलित संस्थको हकमा प्रति सदस्य तीस हजार रुपैया वा कुल दुई लाखमा जुन घटी हुन्छ सो रकमको माथिल्लो सीमा कायम गर्नु पर्नेछ ।

(४) उपदफा (२) र (३) मा जुन सुकै कुरा लेखिएको भए तापनि एक पटक बीउपुँजी अनुदान उपलब्ध गराइएको संस्थालाई आयोजना विस्तारगरी थप स्वरोजगारी दिलाउने अवस्थामा ३ वर्षपछि उपदफा (२) र (३) बमोजिमको सीमामा नबढाई बीउपुजी अनुदान गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम उपलब्ध गराइएको बीउँपुजी अनुदान संस्थाले आफ्नो जगेडा कोषमा राखी आयोजनाको उद्देश्य बमोजिम स्थिर वा कार्यशील पुँजीका साथै व्यवसाय सञ्चालन खर्च ब्यहोर्ने उपयोग गर्न सक्नेछ ।

**५. कार्यालय व्यवस्थापनका लागि आवश्यक उपकरण अनुदान :** (१) सहकारी संस्थाहरुको क्षमता विकास तथा कार्यालयको व्यवस्थापनका लागि सहयोग पुऱ्याउँन रोङ गाउँपालिका सहकारी समन्वय समितिको निर्णयानुसार कार्यालय व्यवस्थापनका लागि आवश्यक पर्ने उपकरण (कम्प्युटर, ल्याप टप, प्रिन्टर) फर्निचर लगायतका सामग्री वितरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने अनुदान गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भएबमोजिम हुनेछ ।

(३) उपकरण अनुदानका लागि देहायको पूर्वशर्तहरु पुरा गरेको हुनुपर्नेछ :

(१) नियमित रुपमा साधारण सभा गरेको नियमित लेखा परीक्षण गरेको कारोबारमा भाका ननाघेको उद्देश्य अनुसारको कारोबार गरेको हुनु पर्नेछ ।

(२) सहकारी ऐन, नियम तथा प्रचलित कानुन अनुसारको सम्बन्धित निकायहरुको नियमको समेत पालना गरेको हुनुपर्नेछ ।

(३) समुदायमा आधारित र विनियमको पालना गरेको हुनुपर्नेछ ।

(४) विद्युत वा वैकल्पिक उर्जाको व्यवस्था भएको हुनु पर्नेछ ।

(५) कम्प्युटरबाट उपलब्ध हुने सेवा सहकारी संस्थाले देहाय बमोजिम कार्यमा उपयोग गर्नुपर्नेछ ।

(क) कोपोमिस (COPOMIS) प्रयोग सम्बन्धी कार्यलाई सफल बनाउन ।

(ख) संस्थाले दैनिक कामहरुके अध्यावधिक विवरण राख्न ।

(ग) संस्थाको दैनिक चार खाता अभिलेख राख्न ।

(घ) मलखाद तथा बीउविजनका खरिद बिक्री विवरण राख्न ।

(ङ) इन्टरनेट सेवा प्रयोग गर्न ।

(च) सम्पूर्ण कार्य कम्प्युटर मार्फत गरि सहकारीका सदस्यहरुलाई पारदर्शिता ल्याउन ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने अनुदान गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भएबमोजिम हुनेछ ।

**६. सदस्य केन्द्रित भई व्यवसाय सञ्चालन गर्नु पर्ने :**

(१) यस निर्देशिका बमोजिम अनुदान प्राप्त गर्ने संस्थाले सम्भव भएसम्म देहायबमोजिम सदस्य केन्द्रित व्यवसाय सञ्चालन गर्नु पर्नेछ :

(क) उत्पादनमूलक संस्थाले सदस्यहरको मात्र उपज खरिद गर्नुपर्ने,

(ख) उपभोक्ता संस्थाले सदस्यहरुलाई आवश्यक वस्तु वा सेवा मात्र बिक्री गर्नुपर्ने,

(ग) रोजगारीमुलक संस्थाले सदस्यहरुलाई मात्र रोजगारी दिनुपर्ने,

**७. अनुदान उपलब्ध नगराइने :** (१) दफा ४ र ५ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा संस्थालाई अनुदान उपलब्ध गराइने छैन -

(क) वार्षिक साधारण सभा सम्पन्न नगरेको,

(ख) सञ्चालक समिति र लेखा समितिको नियमित रुपमा निर्वाचन नगरेको,

(ग) नियमिति रुपमा वार्षिक लेखा परीक्षण नगराइएको,

(घ) लेखा समितिको वार्षिक प्रतिवेदन पेश नभएको

(ङ) अघिल्लो वर्षहरुमा प्राप्त गरेको अनुदानको सदुपयोग नगरेको,

(च) कार्यक्षेत्रभन्दा बाहिर गई कारोबार सञ्चालन गरेको

(छ) कर चुक्ता प्रमाण पत्र नभएको,

(ज) जोखिम कर्जा कोषको व्यवस्थापन नभएको ।

(२) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाले बीउपुँजी अनुदान प्राप्त गर्न सक्ने छैन ।

## परिच्छेद - ३

## अनुदान प्रदान गर्ने प्रक्रिया

**८. सूचना प्रकाशन गर्ने :** (१) प्रत्येक आर्थिक वर्षको श्रावण मसान्त भित्र गाउँपालिकाबाट तय भएको वित्तीय व्यवस्थापन अनुसार गाउँ सहकारी समन्वय समितिको निर्णयानुसार १५ दिने सुचना प्रकाशन गरि संस्थाहरुलाई जानकारी गराइनेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना गाउँपालिकाको बेबसाइटमा समेत राख्नुपर्नेछ ।

**९. दरखास्त पेश गर्नुपर्ने :** यस निर्देशिका बमोजिम अनुदान प्राप्त गर्न इच्छुक संस्थाले देहायका कागजात तथा विवरण संलग्न गरी दफा ८ बमोजिम प्रकाशित सुचनामा दिइएको अवधि भित्र अनुसूची १ बमोजिमको ढाँचामा कार्यालयमा दरखास्त दिनु पर्नेछ -

(क) संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि

(ख) संस्थाको विनियमको प्रतिलिपि,

(ग) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(घ) कर चुक्ताको प्रमाण पत्र,

(ङ) कार्यक्रमको प्रस्तावना,

(च) साधारण सभा तथा संचालक समितिबाट आयोजना/कार्यक्रम संचालन प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि,

(छ) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ज) अनुसूची २ बमोजिमको विवरण ।

**१०. प्रारम्भिक छानबिन गर्ने :**

(१) दफा ९ बमोजिम प्राप्त दरखास्त उपर रोङ गाउँपालिकाको गाउँ सहकारी समन्वय समितिले प्रारम्भिक छानबिन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा सम्बन्धित कार्यालयले अनुसूची - ३ बमोजिमको प्रारम्भिक जाँचसूचीको आधारमा कार्यालयमा उपलब्ध अभिलेख भिडाउने साथै स्थलगत निरीक्षण समेत गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम छानबिन गर्दा अनुसूची ३ को जाँचसूची मध्ये कुनैमा असफल भएको पाइएमा सम्बन्धित संस्थालाई सहकारी शाखा मार्फत दरखास्त स्वीकृत नहुने व्यहोराको जानकारी संस्थालाई गराउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम छानबिन गर्दा यस निर्देशिका बमोजिम अनुदान उपलब्ध गराउन मिल्ने देखिएमा सम्बन्धित कार्यालयको उपदफा (२) बमोजिमको जाँचसूची सहित छनौटको निर्णय गरी सहकारी शाखा मार्फत सम्बन्धित संस्थालाई गराउनु पर्नेछ ।

**११. आयोजना प्रस्तावको मूल्याङ्कन र स्वीकृती गर्ने :**

(१) दफा १० को उपदफा ४ बमोजिम प्राप्त प्रस्तावको मूल्यांकन गरी सिफारिस गर्न रोङ गाउँपालिका गाउँ सहकारी समन्वय समितिले सहकारी विज्ञ सहित ३ जनालाई प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी सिफारिसका लागि जिम्मेवारी प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) मा भएको व्यवस्थानुसार दफा १० को उपदफा (४) बमोजिम छनौट भएका सहकारी संस्थाहरुको मूल्याङ्कन अनुसूची ४ बमोजिमको आधारमा मूल्याङ्कन गरी अङ्क प्रदानगरी गाउँ सहकारी समन्वय समितिमा सिफारिस गर्नु पर्नेछ ।

(३) उपदफा (२) को समितिबाट सिफारिस भई आएका संस्थाहरुको आयोजना तथा कार्यक्रमको स्वीकृत गाउँ सहकारी समन्वय समितिले गर्नु पर्नेछ ।

## परिच्छेद - ४

## विविध

**१२. तालिम तथा कम्प्युटर अनुदान तथा अन्य अधिकार प्रदान गर्न सकिने :**

(क) रोङ गाउँपालिकाको सहकारी ऐन, २०७४ को दफा ५७ अनुसार छुट सुविधाको व्यवस्था अनुसार सहकारी संस्था छनौट गरी छनौट गरिएका सहकारी संस्थाहरुलाई तालिम तथा कम्प्युटर उपलब्ध गराउन सकिनेछ ।

(ख) छनौट भएका सहकारी संस्था प्राप्त गर्ने कम्प्युटरको परल मूल्यको २०% र रोङ गाउँपालिकाको ८०% को लागत साझेदारीमा कम्प्युटर अनुदान प्राप्त गर्न सक्नेछ ।

**१३. अनुदान अनुगमन समिति :** (१) रोङ गाउँपालिका गाउँ सहकारी समन्वय समितिले सहकारी संस्थाहरुलाई प्रदान गरिएको बीउँपूँजी तथा कार्यालय व्यवस्थापनका लागि प्रदान गरिएको उपकरण तथा फर्निचर लगायतका सामग्रीहरुको उपयोगको अवस्था थाहा पाउन देहाय बमोजिमको अनुगमन समिति गठन गर्न सक्नेछ ।

(क) संयोजक उपाध्यक्ष

(ख) सदस्य आर्थिक विकास समिति संयोजक

(ग) सदस्य जिन्सी शाखा प्रमुख

**१४. ब्याख्या गर्ने अधिकार :** (१) यस निर्देशिकाको कार्यान्वयनका सिलसिलामा कुनै प्रावधानमा द्विविधा उत्पन्न भएमा निर्देशिकाको भावना र मर्मको प्रतिकूल नहुने गरी गाउँ सहकारी समन्वय समितिले ब्याख्या गर्न सक्नेछ ।

**१५. संशोधनः** (१) रोङ गाउँपालिकाले यस कार्यविधिमा आवश्यक्तानुसार थपघट वा संशोधन गर्न सक्नेछ ।

# अनुसूचि १

## दरखास्त ढाँचा

**श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,**

**रोङ गाउँ गाउँपालिकाको कार्यालय, पहरीगाउँ, इलाम ।**

**विषयः उपकरण (कम्प्युटर)अनुदानका लागि आवेदन पेश गरिएको ।**

रोङ गाउँपालिका सहकारी शाखाबाट मिति २०७.../....../...... मा प्रकाशित सुचना अनुसार यस संस्थाले रोङ गाउँपालिकाबाट उपलब्ध गराईने कार्यालय उपकरण (कम्प्युटर) प्राप्त गर्ने मिति २०७.../..../.... को कार्यसमितिको बैठकले गरेको निर्णय बमोजिम सुचनामा तोकिएको कागजात संलग्न राखी अनुसूची २ बमोजिमको विवरण खुलाई यो आवेदन पेश गरिएको छ ।

सहकारी संस्थाहरुलाई अनुदान प्रदान गर्ने निर्देशिका २०७७ का सर्त/बन्देजहरु पालना गर्न यो संस्था मञ्जुर छ ।

**भवदिय,**

....................

**अध्यक्ष**

**नाम थर :**

**संस्थाको नाम ठेगानाः**

**संस्थाको छाप :**

**सम्पर्क नम्बर :**

# अनुसूचि २

## आयोजनाको विवरण

**१. संस्थाको नाम : ............................................................**

ठेगाना :

जिल्ला :

गा.पा. :

वडा नं.

टोल :

**२. दर्ता नं. र मिति :**

**३. आयोजनाको ना :**

**४. आयोजना स्थल :**

जिल्ला :

गा.पा. :

वडा नं.

**५. आयोजना प्रारम्भ हुने मिति :**

**६. आयोजना सम्पन्न हुने मिति :**

**७. प्रस्तावित आयोजनाको कुल लागत रु. ...................**

७.१ स्थीर पुँजी आवश्यक्ता रु ..............................

क) मेसिनरी उपकरण रु. ............................

ख) जग्गा रु . ........................

ग) भवन रु . ..................................

घ) पशुपन्छी खरिद रु. ......................

ङ) अन्य रु. ................................

७.२. कार्यक्रम खर्चको आयोजनाको हकमा कार्यक्रम खर्च रु. .........................

**८. संस्थाले व्यहोर्ने लागत प्रतिशत ....................**

**९. संस्थाको लागत व्यहोर्ने श्रोत ...............................**

क) शेयर रकमबाट रु. ...........................

ख) जगेडा कोषबाट रु. ......................

ग) अन्य रु. .................................

**१०. नेपाल सरकारको अन्य निकायबाट वित्तीय सहयोग प्राप्त गरेको वा प्राप्त गर्न आवेदन दिएको भए खुलाउने** .........................................................................................................

.........................................................................................................

**११. सदस्य सहभागिताको अवस्था :**

| **सहभागिता** | | | | | | |
|---|---|---|---|---|---|---|
| वर्गीकरण | **साधारण सदस्यमा** | | **सञ्चालक समिति** | | **आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुनेमा** | |
| | **संख्या** | **प्रतिशत** | **संख्या** | **प्रतिशत** | **संख्या** | **प्रतिशत** |
| महिला | | | | | | |
| अपाङ्गता भएका व्यक्ति | | | | | | |
| दलित समुदाय | | | | | | |
| पिछडिएका अल्पसंख्यक जनजाति | | | | | | |
| अन्य | | | | | | |
| जम्मा | | | | | | |

**१२. संस्थाको व्यवसायिक सेवामा सदस्य केन्द्रीयता** :

| विवरण | हालको अवस्था (पछिल्लो | आयोजना सञ्चाल भएपछि हुने |
|---|---|---|

| | | आ.व.को) | | अवस्था | |
|---|---|---|---|---|---|
| उत्पादित वस्तुको खरिद | सदस्यको उत्पादन | रु. हजार | प्रतिशत | रु. हजार | प्रतिशत |
| | गैर सदस्यको उत्पादन | | | | |
| जम्मा | | | | | |
| उत्पादन सामग्री र उपभोग्य वस्तुको विक्री | सदस्यलाई | | | | |
| | गैरसदस्यलाई | | | | |
| जम्मा | | | | | |

| स्वरोजागारी | हालको अवस्था | | | | आयोजना संचालन भएपछि हुने अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सदस्य संख्या | गैरसदस्य संख्या | जम्मा | सदस्यको प्रतिशत | गैरसदस्य संख्या | जम्मा | सदस्यको प्रतिशत | गैरसदस्य संख्या |
| प्रत्यक्ष पूर्ण ( वर्षमा २०८० घण्टा काम पाउने भए १ जना मानी संख्या जनाउने) | | | | | | | | |
| अप्रत्यक्ष | | | | | | | | |
| जम्मा | | | | | | | | |

**१३. आयोजना स्थलमा पूर्वाधारको स्थिति (√ चिन्ह लगाउनुहोस्) :**

बिजुली ☐

सिँचाई ☐

पक्की सडक ☐

कच्ची सडक ☐

**१४. व्यवसायको लागि भवन टहरा, सेड, गोठको स्थिति (√ चिन्ह लगाउनुहोस्) :**

आफ्नै स्वामित्वमा निर्माण भएको ☐

आफ्नै स्वामित्वमा निर्माणधीन ☐

**१५. कार्यालको भौतिक स्थिति :**

आफ्नै भवन ☐

भाडाको घर ☐

**१६. संस्थागत सुशासनको स्थितिः**

संचालक समितिको बैठक नियमित छ / छैन

वार्षिक साधारण सभा नियमित छ / छैन

लेखा परीक्षण नियमिति छ / छैन

संघहरुमा आवद्ध छ / छैन
कार्यसंचालन नियमावली छ / छैन
छ भने कति वटा
आयोजनाको सम्भाव्यता अध्ययन छ / छैन
भएको भए व्यवसायको वार्षिक मुनाफा दर

**१७. उत्पादित वस्तुको बजार सम्भावना :**
अन्तर्राष्ट्रिय बजारको पहुँच भएको / नभएको
राष्ट्रिय बजारको पहुँच भएको / नभएको
स्थानीय बजारको पहँच भएको / नभएको

**१८. सामुहिक व्यवस्थापनमा संचालन :**
क) हुने / नहुने
ख) हुने भए सामुहिक रुपमा के कसरी संचालन गरिने हो खुलाउने
....................................................................................................................................
....................................................................................................................................
..............................................................................................................................

**१९. बैदेशिक बजारीकरण :**

| विवरण | हाल (पछिल्लो आ.व) को अवस्था | | आयोजना संचालन भएपछि हुने अवस्था | |
|---|---|---|---|---|
| | रु. | प्रतिशत | रु. | प्रतिशत |
| स्वदेशमा बिक्री | | | | |
| विदेशमा विक्री | | | | |
| जम्मा | | | | |

**२०. वातावरणीय सरोकार (प्राकृतिक श्रोतको जर्गेना, जैविक विविधतामा बढोत्तरी, स्थानीय जातको संराक्षण, प्राङ्गारिक खेतिपाती, प्रदुषणको रोकथाम लगायतमा पर्ने प्रभाव)**
क) सकारात्मक प्रभाव हुने / नहुने
ख) हुने भए कस्तो हुने हो खुलाउने ..........................................................................
....................................................................................................................................
ग) नकारात्मक प्रभाव प्रभाव हुने / नहुने
घ) हुने भए के कस्तो हुने हो खुलाउने ..................................................................
....................................................................................................................................

**२१ अन्य कुनै भए खुलाउने** ..............................................................................
....................................................................................................................................
..............................................................................................................................

अध्यक्षको हस्ताक्षर

.
.........................

नाम थर :

संस्थाको ठेगाना :

संस्थाको छाप :

सम्पर्क नं. :

# अनुसूचि ३

## प्रारम्भिक जाँचसूची

(दफा १० को उपदफा २ सँग सम्बन्धित)

१. सूचनाको म्यादभित्र दरखास्त दर्ता भएको ☐ नभएको ☐

२. सूचनामा तोकिएको सबै कागजात संलग्न भएको ☐ नभएको ☐

३. पछिल्लो वार्षिक साधारण सभा समयमै गरेको ☐ नगरेको ☐

४. पछिल्लो सञ्चालक समितिको निर्वाच समयमै गरेको ☐ नगरेको ☐

५. पछिल्लो वार्षिक लेखापरीक्षण समयमै गरेको ☐ नगरेको ☐

६. यसअघि अनुदान सदुपयोग गरेको ☐ नगरेको ☐

७. कार्यक्षेत्रभन्दा बाहिर गई कारोबार सञ्चालन गरेको ☐ नगरेको ☐

८. संस्था संचालनमा आएको कम्तीमा २ आर्थिक वर्ष पूरा भएको ☐ नभएको ☐

९. कर चुक्ता प्रमाणपत्र भएको ☐ नभएको ☐

१०. दफा ११ को उपदफा (५) बमोजिम निर्देशन समितिले तोकेबमोजिम भएको ☐ नभएको ☐

११. बीउँपूँजी अनुदानको हकमा बचत तथा ऋणको मुख्य कारोबार नगरेको ☐ गरेको ☐

१२. लेखा समितिको वार्षिक प्रतिवेदन पेस भएको ☐ नभएको ☐

**जाँच गर्ने कर्मचारीको** **प्रमाणित गर्ने कार्यालय प्रमुखको**

| | |
|---|---|
| **नम, थर :** | **नाम, थर :** |
| **दस्तखत :** | **दस्तखत :** |
| **पद :** | **पदः** |
| **मिति :** | **मिति :** |

# अनुसूचि ४

**(दफा ११ को उपदफा २ सँग सम्बन्धित)**

**प्रस्ताव मूल्याङ्कनका आधार र अङ्क**

| सि.नं. | आधार | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|
| **१.** | **आयोजनाको सदस्य केन्दीयता (उत्पादनमूलक संस्थामा सदस्यबाट खरिद, उपभोक्ता संस्थामा सदस्यलाई बिक्री र रोजगारीमूलक संस्थामा सदस्यलाई रोजगारी)** | | **२०** |
| **१.१** | **हालको अवस्था** | **१०** | |
| (क) | १०० प्रतिशत | १० | |
| (ख) | ७५ वा बढी | ८ | |
| (ग) | ५० वा बढी | ६ | |
| (घ) | २५ वा बढी | ४ | |
| (ङ) | २५ भन्दा कम | | |
| **१.२** | **आयोजनाको प्रक्षेपित अवस्था** | **१०** | |
| (क) | १०० प्रतिशत | १० | |
| (ख) | ७५ वा बढी | ८ | |
| (ग) | ५० वा बढी | ६ | |
| (घ) | २५ वा बढी | ४ | |
| (ङ) | २५ भन्दा कम | | |
| **२** | **आयोजनाको सिर्जना हुने रोजगारी (प्रतिलाख लगानीमा पूर्ण रोजगारी संख्या)** | | **१५** |
| (क) | ५ जना वा बढी | १५ | |
| (ख) | ४ जना | १२ | |
| (ग) | ३ जना | ९ | |
| (घ) | २ जना | ६ | |
| (ङ) | १ जना वा कम | ३ | |
| **३.** | **सीमान्तीकृत समुदायको सहभागिता** | | **१५** |
| **३.१** | **सदस्यमा सहभागिता** | **५** | |
| (क) | शत प्रतिशत | ५ | |

| | | | |
|---|---|---|---|
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| **३.२** | **सञ्चालक समितिमा सहभागिता** | **५** | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| **३.३** | **आयोजनाको लाभ लिनमा सहभागिता** | **५** | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| **४** | **महिला सहभागिता** | | **१५** |
| **४.१** | **सदस्यमा सहभागिता** | **५** | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| **४.२** | **सञ्चालक समितिमा सहभागिता** | **५** | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| **४.३** | **आयोजनाको लाभ लिनमा सहभागिता** | **५** | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| **५.** | **सिर्जनात्मकता** | | **२५** |
| (क) | सामूहिक व्यवस्थापनमा सञ्चालन | ५ | |
| (ख) | भैरहेको प्रविधिमा नवप्रवर्तन | ५ | |
| (ग) | मूल्य श्रृङखलामा माथिल्लो क्रियाकलाप | ५ | |
| (घ) | वातावरणीय सरोकारको सम्बोधन | ५ | |
| (ङ) | उत्पादनको वैदेशिक बजारीकरण | ५ | |

**दृष्टव्य :**

१. पूर्ण रोजगारी भन्नाले वर्षमा २०८० घण्टाको काम सम्झनु पर्छ ।
२. वैदेशिक बजारीकरण भन्नाले उत्पादनको ५ प्रतिशतभन्दा बढी विदेश निर्यातलाई सम्झनु पर्छ ।
३. वातावरणीय सरोकार भन्नाले प्राकृतिक स्रोतको जगेर्ना, जैविक विविधतामा बढोत्तरी, स्थानीय जातको संरक्षण, प्राङ्गारिक खेतीपाती, प्रदूषणको रोकथाम लगायमा पर्ने प्रभाव सम्झनु पर्छ ।
४. नवप्रवर्तन भन्नाले उत्पादकत्व बढाउने गरी प्रयोगमा रहेको उत्पादन विधिमा स्थानीय रुपमा गरिएको सकारात्मक परिवर्तन वा स्थानीय समस्या समाधान गर्ने गरी आधुनिक प्रविधिको सिर्जनात्मक अवलम्बन सम्झनु पर्छ ।

**आज्ञाले,**
**प्रदिप गौतम**
**रोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत**